# महालेखापरीक्षकको

## वार्षिक प्रतिवेदन

## २०७८

अर्जुनधारा नगरपालिका

झापा

महालेखापरीक्षकको कार्यालय

काठमाण्डौ, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः२०७८।७९
च. नं. २४४ मितिः २०७८।५।४

बिषयः लेखापरीक्षण प्रतिबेदन ।

श्री प्रमुखज्यु,
अर्जुनधारा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
झापा।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागी अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ३ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय


पत्र संख्याः २०७८/७९

च.नं.: २४३ मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
अर्जुनधारा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
झापा।

विषयः लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले अर्जुनधारा नगरपालिका, झापाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८/२/९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४६ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु.५ करोड १७ लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८९ लाख, ७९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ६४ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड, ४८ लाख, ८७ हजार र पेश्की बाँकी रु.१४ लाख, ६९ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधी तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत अर्जुनधारा नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्रकुमार खत्री)
नायब महालेखापरीक्षक

**अर्जुनधारा नगरपालीका, झापा**
**लेखापरीक्षण प्रतिवेदन**
आर्थिक वर्ष २०७६/७७

- **परिचय** : स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ६० सभा सदस्य, ६९.१ वर्ग किलोमिटर क्षेत्रफल तथा ४० हजार १४१ जनसंख्या रहेको छ ।

- **स्थानिय सचितकोषः** यस पालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ , नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS)बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकिकृत बार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एंव विस्तृत विवरण खुलाई सो विवरण प्राप्त हुन सकेन । आर्थिक वर्ष २०७६।७७ स्थानीय सञ्चित कोष आय–व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

एकीकृत आर्थिक कारोबारको स्थिति

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| **सि.नं** | **विवरण** | **रकम** | **सि.नं** | **विवरण** | **रकम** |
| १ | **गतवर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | |
| | क) नगद | | | क) संघीय वित्तीय सामानिकरण | ५९४४८४६१.५१ |
| | ख) बैंक | २१५२८५०१.५८ | | ख) प्रदेश वित्तीय समानिकरण | ० |
| | ग) धरौटी बैंक | १३०५२०८५ | | ग)राजश्वबाँडफाँड संघीय | ४६२७७७५३ |
| | घ) कर्मचारी कल्याण कोष खाता बैंक | ३५०९४२५ | | घ)राजश्व बाँडफाँड प्रदेश | ३३४०८६७० |
| | ङ) प्रकोप व्यवस्थापन कोष बैंक | १५२११८४ | | ङ)आन्तरिक श्रोत | १०५७०८८६ |
| | च) वातावरण व्यवस्थापन कोष | ३५७२४४ | | च) विशेष प्रदेश | २५०८२१ |
| २ | **संघीय वित्तीय हस्तान्तरण** | ० | २ | **पूंजीगतखर्च** | ० |
| | क) वित्तीय समानिकरण अनुदान | १६८९००००० | | क) संघीय वित्तीय सामानिकरण | ७६७५५६३२ |
| | ख) सशर्त अनुदान | २३८४८५००० | | ख) प्रदेश वित्तीय समानिकरण | ३०६५४७१ |
| | ग) विषेश अनुदान | २२६०५००० | | ग)राजश्व बाँडफाँड संघीय | १२४३४५७१.१२ |
| | घ) समपुरक अनुदान | ८०००००० | | घ)राजश्व बाँडफाँड प्रदेश | ६३३४७६ |
| | | ० | | ङ)आन्तरिक श्रोत | ६८१०९९२५ |
| ३ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | | च) समपूरकअनुदान संघ | १०९१५८ |
| | क) वित्तीय समानिकरण अनुदान | ७८३४००० | | छ) विशेष अनुदान संघ | ८७३९८७२ |
| | ख) सशर्त अनुदान | ४१३०००० | | ज) समपुरक अनुदान प्रदेश | ५६२०२६६ |
| | ग) विषेश अनुदान | ३८४१००० | | झ) विशेष अनुदान प्रदेश | ५२७५००० |
| | घ) समपुरक अनुदान | १४००००० | | ञ) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १७३०४९७७ |
| | ङ) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १७३७५००० | | ट) निर्वाचन क्षेत्र विशेष कार्यक्रम | ३८९०००० |
| | ङ) निर्वाचन क्षेत्र विशेष कार्यक्रम | ३९२५००० | ३ | **सशर्त अनुदानखर्च** | ० |
| | | ० | | क) संघीय सर्शत अनुदान | २१२०९९९८२.३४ |
| | | ० | | ख) प्रदेश सर्शत अनुदान | ३६८२५०४ |
| ४ | **विषयगत निकासा रकम** | ० | ४ | **विषयगतनिकायको खर्च** | ० |
| | क) सामाजिक सुरक्षा | १९५०३७९५० | | क) सामाजिक सुरक्षा | १९५०३७९५० |
| | ख) स्थानीयपूर्वाधार | २३०७३५६५ | | ख) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | २३०७३५६५ |
| | ग) सडक बोर्ड | २८००००० | | ग) सडक बोर्ड | २८००००० |

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | सि.नं | विवरण | रकम |
| | घ) राष्टपति महिला उत्थान कार्यक्रम | ० | | घ) राष्टपति महिला उत्थान कार्यक्रम | ० |
| | ङ) राष्टिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ६०८७८८ | | ङ) राष्टिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ६०८७८८ |
| | च) पयटन पूर्वाधार विकास कार्यक्रम | ६७३९९६५ | | च) पयटन पूर्वाधार विकास कार्यक्रम | ६७३९९६५ |
| | छ) प्रदेश सरकार अन्य अनुदान | १०००००० | | च) प्रदेश सरकार अन्य अनुदान | १०००००० |
| ५ | **१) आन्तरिक आय** | ० | ५ | **को.ले.नि.का ।प्र ले.नि.का फिर्ता** | ० |
| | क) आन्तरिक राजस्व | ४२०७५४७७.९२ | | क) संघीय सशर्त/समपूरक/ विशेष अनुदान | ४८२४७९८७.६६ |
| | ख) जनसहभागिता | ९५९६९९६.२६ | | ख) प्रदेश सशर्त/समपूरक/ विशेष अनुदान | १०६१७०७४ |
| | ग) जिल्ला समन्वय समिति | ६६००००० | ६ | **राजश्वदाखिला** | ० |
| | **२) राजश्वबाँडफाँड संघीय** | ७८२०६७७४.५७ | ७ | **धरौटी फिर्ता** | ११००८८४५ |
| | **३) अन्य आय** | ० | | विविध कोष भुक्तानी | ४३५२८० |
| | **४) राजश्व बाँडफाँड प्रदेश** | ३४३४७१६२.८३ | | प्रकोप व्यवस्थापन कोष भुक्तानी | ८४६९१८० |
| ६ | **धरौटी प्राप्ती** | ५७२०६२२ | ८ | **बांकी मौज्दात** | ० |
| ७ | **विविध कोष प्राप्ती** | १०१०५०० | | क) स्रेस्ताअनुसार बांकी | ५४८९१६८९.५३ |
| ८ | **प्रकोप व्यवस्थापन कोष प्राप्ती** | ११४६२९९६ | | ख) धरौटी बांकी | ७७६३८६२ |
| | | | | ग) विविध कोष बाकी | ४४४१८८९ |
| | | | | घ) प्रकोप व्यवस्थापन कोष बाकी | ४५१५००० |
| | | | | ग) बढी आम्दानी बाधिएको | १५७३६ |
| | **जम्मा** | **९४७३४४२३७.१६** | | **जम्मा** | **९४७३४४२३७.१६** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | एकीकृत आर्थिक विवरणको परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् : | |
| १.१. | नगरपालिकाले बैंक समायोजन हिसाब तयार गर्न पर्नेमा गरेको छैन । कार्यालयबाट प्राप्त आर्थिक विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा धरौटी वाहेक श्रेस्ता अनुसार बैंक मौज्दात रु.५,४८,९१,६८९। रहेको देखियो । लेखापरीक्षणको क्रममा बैंक स्टेटमेन्ट माग भएकोमा पेश हुन आएन । जसबाट श्रेस्ताको बाँकी र बैंक बाँकी भिडान गर्न सकिएन । बैंक समायोजन हिसाव तयार गरी श्रेस्ता र बैंक मौज्दातको हिसाव मिलान गर्नुपर्दछ । | |
| १.२. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तयार तथा लेखाङ्कन गरेको पाईएन । | |
| १.३. | **सुत्रको प्रयोगः** नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार यस आर्थिक बर्षमा लागु गरेको भएतापनि विषयगत मन्त्रालयबाट प्राप्त बजेट सुत्रमा प्रविष्ट नगरेको, गत वर्षको मौज्दात रकम अ.ल्या. नभिडेको, स्रोतगत अनुमान बजेट सुत्रमा प्रविष्ट गरेकोमा अन्तिम बजेट सोही मानेको हुँदा मौज्दात रकम घटी/बढि देखिएको र कार्यालयले सुत्रबाट गोश्वारा भौचर मात्र उतार गरी अन्य विवरण प्रविष्ट नगरेको कारणले प्राप्ती (म.ले.प.फा.नं.२७२) र भुक्तानी (२७५) भिडान नभएको अवस्था छ । डाटा प्रविष्ट गरी वार्षिक प्राप्ती तथा भुक्तानीको हिसाव मिलान गर्नुपर्दछ । | |
| २. | **आर्थिक कारोवारको अवस्था** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता परीक्षण गर्दा अद्यावधिक नरहेको कारण पेश गरेको आय–व्यय विवरण यथार्थ छ भनि भिडान गर्नसक्ने आधार भएन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस पालिकाले सो अनुसार एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र को.ले.नि.का पठाएको छैन । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • आर्थिक वर्ष २०७६।७७ मा भएको खर्चको चेक भुक्तानीको लागि आवश्यक रकम मूल संचित कोष खाताबाट कार्य संचालन खातामा सोही वर्षमा ट्रान्सफर गर्नुपर्नेमा पछिल्लो आ.व. २०७७।७८ मा मूल संचित कोष खाताबाट रकम ट्रान्सफर गरेको छ । मूल संचित खाताबाट आषाढ मसान्त भित्रै आवश्यक रकम ट्रान्सफर गरी खर्चको लेखाङ्कन गर्नुपर्दछ ।<br>ऐनको व्यवस्था अनुसार वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३. | **आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ । त्यसैगरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा प्रत्येक मन्त्रालय, विभाग एवं स्थानीय निकायबाट सम्पादन गरीने कार्यहरु मितव्ययी एवं प्रभावकारी बनाउन, वित्तीय प्रतिवेदनलाई विश्वसनिय बनाउन र प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ । पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्:- | |
| ३.१. | पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | |
| ३.२. | राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । | |
| ३.३. | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |
| ३.४. | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन । | |
| ३.५. | स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |
| ३.६. | दिगो बिकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । | |
| ३.७. | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । | |
| ३.८. | पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको एकीकृत अभिलेख देखिने गरी खप्ने एवं खर्च हुने सामानको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३.९. | पालिकाले जिन्सी निरिक्षण गरी प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरीक्षण नै गरेको पाईएन । | |
| ३.१०. | कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |
| ३.११. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |
| ३.१२. | ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन । | |
| ३.१३. | स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन । | |
| ३.१४. | सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन। | |
| ३.१५. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन । | |
| ३.१६. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |
| ३.१७. | संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन । | |
| ३.१८. | सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन । | |
| ३.१९. | निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन । | |
| ३.२०. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२) बमोजिम पालिकाको उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी सो निराकरणको लागि उपयुक्त उपायहरु व्यवस्थित गरेको पाइएन । | |
| ३.२१. | वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण गरेको छैन । | |
| ३.२२. | स साना योजनालाई निरुत्सान गर्नुपर्नेमा प्राथमिकता दिई कार्यान्वयनमा ल्याएको छ । | |
| ३.२३. | कोषहरु कार्यान्वयन गर्न कार्यविधि कानून बनाउनु पर्नेमा बनाएको पाइएन । | |
| ३.२४. | आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन । | |
| ३.२५. | उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग भिडान हुने गरेको छैन । | |
| ३.२६. | न्यायीक समितिवाट मुद्दाको किनारा लगाउन वाँकीको विवरण प्राप्त नभएकोले अवस्था एकीन गर्न सकिएन । | |
| ३.२७. | राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वयन नगरेको, | |

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३.२८. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४ बमोजिम सबै श्रोतबाट भएको प्राप्ति र खर्चको विवरण प्रदेश लेखा नियन्त्रक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको छैन । | |
| ३.२९. | विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी वढाएको देखिएन । | |
| ३.३०. | विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको प्रयोजन नखुलाई विल राखी भुक्तानी भएको देखिन्छ । | |
| ३.३१. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९२ बमोजिम विनियोजन, राजश्व, धरौटी, जिन्सी र अन्य कारोवारको श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको । | |
| ३.३२. | जिन्सी खाता, बैक नगदी किताव, लेजर खाता एवं राजश्व असुलीमा प्रयोग हुने खाता प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/ एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको देखियो । | |
| ३.३३. | आम्दानी तर्फ रसिद नियन्त्रण खाता एवं म.ले.प.फा.नं.(साविक) १०८ र २३ जस्ता खाता नराखि सिधै आम्दानी गर्ने गरेको । | |
| ३.३४. | चालु वर्षमा सम्पन्न गर्नुपर्ने कामको लागि दिएको पेश्की समेत समयमा पेश्की फछ्र्यौट नगरेको, उपभोक्ताको पेश्कीको लेजर तयार गरी प्रमाणित नगरेको । | |
| ३.३५. | खर्चका विलभरपाईहरुको तेरिज बनाइ जोडजम्मा नगरेको । | |
| ३.३६. | संचितकोषमा गत सम्मको बाँकी, यस वर्ष प्राप्त रकम र संचितकोषबाट भएको खर्च स्पष्ट देखिने गरी गोश्वारा भौचर उठाई सबै कारोबार प्रविष्टि गरी खाता अद्यावधिक गरेको छैन । | |
| ३.३७. | भ्रमण खर्च नियमावली, २०६४ नियम २१ को अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गरेको पाइएन । | |
| | नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व, जिम्मेवारी एवं जवाफदेहिताको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । नगरको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । | |
| ५. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै क्षेत्र भित्र वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ । | |
| ६. | **वार्षिक खरिद योजना/गुरु योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले यस वर्ष रु.१७,५४,६८,३७१। को पूँजीगत खर्च/खरिद कार्य गरेकोमा खरिद योजना बनाएको छैन । वार्षिक खरिद योजना/गुरु योजना बनाई खरिद कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ । | |
| ७. | **बार्षिक आर्थिक कारोवारको प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९० उपनियम (१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस  दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची २११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ । | |
| ८. | **आन्तरिक ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।<br><br>त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको समग्र प्रोफाईल तयार गर्नुपर्नेमा सो समेत तयार गरेको देखिएन । | |
| १०. | **अनुगमन तथा सुपरिवेक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम  योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा | |

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा नगर प्रमुख र उप प्रमुख तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि ,केहि योजनामा नगर प्रमुख र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण जिम्मेवार पदाधिकारीबाट नगराउँदा अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने हुन्छ । | |
| ११. | **न्यायीक समितीः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ भने अन्य उजुरी सम्वन्धमा अवधि किटान गरेको छैन । कार्यालयले न्यायीक समितिमा के कति उजुरी दर्ता भए त्यस मध्ये कति फर्छ्यौट र बाँकी रहे सो को विवरण तयार गरेको छैन । विवरण तयार गरी न्याय सम्पादन प्रक्रियालाई टुङ्गो लगाउनु पर्दछ । | |
| १२. | **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका विभिन्न मालसमानको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| १३. | **जिन्सी निरिक्षणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७६।७७ मा जिन्सी निरिक्षण गरेको भएता पनि कानुनी व्यवस्था अनुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन । जिन्सी प्रतिवेदन तयार नहुँदा मर्मत एवम् लिलाम गर्नुपर्ने, मूल्य नखुल्ने जस्ता विवरण अद्यावधिक नहुने हुँदा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १४. | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल—अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ । | |
| १५. | **बेरुजु अभिलेखः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को | |

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| १६. | **उपभोक्ताको काम** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।<br><br>कार्यालयले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७. | **मेसिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन । | |
| १८. | **निर्माण कार्यको गुणस्तरः** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । | |

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ । | |
| १९. | **डोर हाजिरी फाराम नियन्त्रण खाताः** कायांलयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.५११ राख्ने गरेको छैन भने डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गदां आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ । | |
| २०. | **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २१. | **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २२. | **मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २३. | **सामाजिक परीक्षण** : पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २४. | **काम, कर्तव्य र अधिकार** : संविधानको अनुसूची–८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ । संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ । | |
| | **नगरपालिका चालु** | |
| २५. | **कर्मचारी करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नहुने व्यवस्था छ। पालिकाले विभिन्न पदमा विगत वर्षदेखि कर्मचारीहरु करारमा राखि खर्च लेख्दै आएको देखिन्छ। यसबाट पालिकाले आवश्यक भन्दा बढी कर्मचारी करारमा राखेको छैन भन्न सकिएन । अवलम्ब सङ्गठन व्यवस्थापन सर्वेक्षणबाट दरवन्दी स्वीकृत गरी यसरी कार्यरत कर्मचारी राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ । | |
| २६. | **कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामान रु.८२,३७,०४९। र छपाइ तथा सूचना प्रकाशनमा रु.३२,३६,०९२। गरी रु.१,१४,७३,१४१। खर्च लेखेको रकम मध्ये बोलपत्रबाट रु.१७,८७,५१९। खर्च गरेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ । | |
| २७. | **मर्मत आदेशः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं. २ तयार नगरी सवारी साधन मर्मत रु.४१,३८,०४२। र मेशिनरी तथा औजार मर्मत संभार रु.५,८९,३१०। समेत रु.४७,२७,३५२। खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| २८. | **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी नगर प्रमुख तथा कर्मचारीबाट कुपन काटी कतिपय कुपनमा | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गाडी नं. समेत उल्लेख नगरी यस वर्ष इन्धनमा रु.४४,३८,८४५। खर्च गरेको छ। कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ। | |
| २९. | **विविध खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्टयाई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु.५२,६१,१४७।खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी नगर प्रमुख तथा कर्मचारीले कुपन काटेको आधारमा भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ । | |
| ३०. | **वडा संचालन खर्च :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं.३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । वडा संचालन खर्चको श्रेस्ता परिक्षण गर्दा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ३१. | **प्रेस सल्लाहकार :** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरुको लागि प्रेस सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन ।नगरपालिकाको २०७६/५/११ को निर्णयअनुसार नगर प्रमुखको प्रेस सल्लाहकार नन्दलाल खतिवडालाई मासिक पारिश्रमिक रु.२०,०००। का दरले रु.२,४०,०००। खर्च लेखेकोमा कानुनमा नगरपालिकामा प्रेस सल्लाहकार राख्न सकिने कानुनी व्यवस्था नभएको हुँदा उक्त खर्च नियमित नदेखिएको रु. | २४०००० |
| ३२. | ८०२-०७६/१२/९<br>**न्यायिक समिति कानुनी सल्लाहकार :** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरुको लागि कानुनी सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन । कार्यालयले कानुनी सल्लाहकारका रुपमा चित्र बहादुर मगरलाई रु.२,३०,०००। खर्च लेखेको रकम नियमित नदेखिएको रु. | २३०००० |
| ३३. | **मूल्य अभिवृद्धि करमा दर्ता नभएको सँग खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले २० हजार रुपैंया भन्दा बढि रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा वा कुनै खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी निम्न अनुसार रु.७,२५,९६५ खर्च गरेको नियमित नदेखिएको रु. | ७२५९६५ |

| भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १२९-०७६/६/१६ | पोखरेल पुस्तक पसल | स्टेशनरी सामान | ६४३६० |
| २२२-०७६/७/७ | पिसि वान सिस्टम | टोनर, रिफिल, युएसवि | ९७८८० |
| २४६-०७६/७/१७ | जय हनुमान इलेक्ट्रिकल हाउस | कार्यालय सामान, विद्युत मर्मत सामान | ५६१३० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २५७-०७६/७/२४ | लुना स्टोर एन्ड सर्भिस | पेनड्राइभ, ल्यापटप मर्मत | ८९५५० |
| ३३९-०७६/८/११ | हरिकृष्ण ट्रेडर्स | खाद्यान्न | ७२४४५ |
| ४६२-०७६/९/२५ | पिसिवान सिस्टम | पेनड्राइभ, कम्प्युटर मर्मत | ४८४२० |
| ४६५-०७६/९/२५ | पिसिवान सिस्टम | ल्यापटप मर्मत, टोनर, रिफिल | ४५७०० |
| ५०९-०७६/१०/३ | जय हनुमान इलेक्ट्रिकल हाउस | मर्मत खर्च | ४५७५० |
| १२६-०७६/६/६ | विशाल इलेक्ट्रोनिक्स | विद्युतीय सामान | ४०१५० |
| ३१५-०७६/८/४ | पोखेल पुस्तक पसल | खेलकुद सामाग्री | ७५५८० |
| ३१५-०७६/८/४ | पाथीभरा कंक्रिट | रिङ | ९०००० |
| | **जम्मा** | | **७२५९६५** |

**३४.** **कर कट्टी नभएको :** आयकर ऐन, २०५८ को दफा ८८ मा वासिन्दा व्यक्तिले सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिम आपुर्तकहरुलाई मर्मत वापत सेवा शुल्क प्रदान गर्दा फ्यान विल संलग्न भएकोमा १.५ प्रतिशत मात्र कर कट्टी गरेको पाइएकोले नपुग कर सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. — ५६३६

| भौ.नं./मिति | आपुर्तकको नाम | मर्मत वापत भुक्तानी रकम | नपुग कर रकम |
|---|---|---|---|
| ४६२-०७६/९/२५ | पिसि वाल सिस्टम | २१०५० | २८४२ |
| ४६५-०७६/९/२५ | पिसि वाल सिस्टम | २०७०० | २७९४ |
| | **जम्मा** | **४१७५०** | **५६३६** |

**३५.** २२-०७६/५/२९

**कर कट्टी नभएको :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भत्ता रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । स्थानीय अपाङ्गता परिचय पत्र वितरण समन्वय समितिको बैठक भत्ता वापत १३ जनालाई रु.१५,०००। भुक्तानी गरिएकोमा कर कट्टी गरेको छैन । कर कट्टी नगरिएको हुँदा १५ प्रतिशतले हुने रु.२,२५०। सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. — २२५०

**३६.** **मर्मत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत सम्भार गर्नुपर्दा तोकिए बमोजिम लागत अनुमान तयार गराइ स्वीकृत गर्नुपर्ने, उपकरण वा पाटपुर्जा खरिद गरेकोमा त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराइ प्रति एकाइ मूल्य ५ हजार रुपैंया भन्दा बढि पर्ने उपकरण वा पाटपुर्जाको अभिलेख राख्नुपर्ने र त्यस्ता पाटपुर्जा पुराना उपकरण वा पार्टपुर्जाको लागि प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिम भौचरबाट सवारी साधन मर्मत गर्दा तोकिए बमोजम लागत अनुमान तयार नगरेको तथा प्रति एकाइ ५ हजार भन्दा बढि पर्ने पाटपुर्जाको मर्मत अभिलेख खाता नराखेको तथा पुराना सामान जिन्सी दाखिला गरेको पाइएन । नियममा उल्लेखित व्यवस्थाको पालना हुनुपर्दछ ।

| भौ.नं./मिति | आपूर्तकको नाम | सवारी साधन | पार्टपुर्जा | परिमाण | रकम |
|---|---|---|---|---|---|
| १६१-०७६/६/१६ | केशरीचन्द भनवरलाल | मे १ ग ५५ ग्रेडर | फ्युल इन्जेक्टर पम्प | १ | ३००००० |
| १५६-०७६/६/१६ | गणपति अटो इन्टरनेशनल | मे १ ग ४४ | टायर | २ | ९६२७६ |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१५७-०७६/६/१६</td><td>भाग्यलक्ष्मी ट्रेड लिंक</td><td>टाटा ट्रिपर</td><td>मर्मत</td><td></td><td>१५२५५०</td></tr>
<tr><td>१५८-०७६/६/१६</td><td>झापा इलाम अटो लिंक</td><td>ट्रिपर</td><td>मर्मत</td><td></td><td>१३४०१८</td></tr>
<tr><td>५५८-०७६/१०/१२</td><td>गणपति अटो इन्टरनेशनल</td><td>मे १ झ १६६</td><td>टायर</td><td>४</td><td>१२९७२४</td></tr>
<tr><td>५५८-०७६/१०/१२</td><td>गणपति अटो इन्टरनेशनल</td><td>मे १ झ १६४</td><td>टायर</td><td>२</td><td>२१०१८</td></tr>
<tr><td>५५८-०७६/१०/१२</td><td>गणपति अटो इन्टरनेशनल</td><td>मे १ झ १२०</td><td>टायर</td><td>४</td><td>९१७५६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९२५३४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७.</td><td>
फिल्ड भत्ता : नेपाल सरकारको आर्थिक वर्ष २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रम तथा स्वीकृत बजेटमा महँगी भत्ता, पोशाक भत्ता र स्थानीय भत्ता बाहेक अरु सबै भत्ताहरु खारेज गर्ने उल्लेख छ । यस कार्यालयले निम्न बमोजिम भौचरहरुबाट घर नक्सा सर्जिमिनका लागि फिल्ड भत्ता वापत रु.३,९७,३००। खर्च लेखेको छ । फिल्ड सुविधा सम्बन्धी कार्यविधि तयार नगरी फिल्डमा खटिएका कर्मचारीहरुको विवरण तयार नगरी फिल्ड भत्ता दिइएको रकम नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>खर्च रकम</th></tr>
<tr><td>३८-०७६/६/५</td><td>२२८०००</td></tr>
<tr><td>४२-०७६/६/६</td><td>१२३००</td></tr>
<tr><td>३१८-०७६/८/५</td><td>११७०००</td></tr>
<tr><td>१०१८-०७७/३/७</td><td>४००००</td></tr>
<tr><td>जम्मा</td><td>३९७३००</td></tr>
</table>
</td><td>३९७३००</td></tr>
<tr><td>३८.</td><td>
५१-०७६/६/६<br>
गत आर्थिक वर्षको भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखाम्ने गरी बढि खर्च हुने गरी दाखित्व सृजना गर्न नहुने तर विशेष कारणवश चाल वर्षबाट भुक्तानी दिन पर्ने भएमा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । २०७५ माघ देखि २०७६ असार मसान्त सम्म राष्ट्रपति चुरे तराई मधेश कार्यक्रमबाट संचालित योजना अनुगमनका लागि केदारनाथ पराजुलीलाई जिप भाडा वापत रु.४४,०००। भुक्तानी भएकोमा भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी संलग्न नगरेकाले नियमित नदेखिएको रु.
</td><td>४४०००</td></tr>
<tr><td>३९.</td><td>
५६-०७६/६/७<br>
बढि भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ लोक बहादुर रोकायालाई २०७६।४।५ देखि २०७६।४।९ सम्म ५ दिन प्रति दिन सवारी साधन भाडा रु.३,२००। का दरले रु.१६,०००। मा सम्झौता गरिएको तथा निजले निवेदनमा पनि रु.१६,०००। माग गरेकोमा रु.३२,०००। खर्च लेखेको छ । सम्झौता तथा माग भएको रकमभन्दा बढि भुक्तानी भएको रु.१४,४००। (कर कट्टी पश्चात) सम्बन्धितबाट असुल हुनुपर्ने रु.
</td><td>१४४००</td></tr>
<tr><td>४०.</td><td>
जिन्सी खाता : महालेखापरीक्षकबाट संघीय संरचना अनुरुप सरकारका तीनै तहको आर्थिक कारोबार संचालनका लागि स्वीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा प्रति इकाइ रु.५ हजार भन्दा बढी मूल्य पर्ने तथा एक वर्ष भन्दा बढि टिकाउ हुने मालसामान खर्च भएर नजाने जिन्सी खातामा लेखांकन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ व्यवस्थापनका क्रममा
</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>विभिन्न आपूर्तकबाट खरिद गरिएका प्रति इकाइ रु.५ हजार भन्दा बढी मूल्य पर्ने तथा एक वर्ष भन्दा बढी टिकाउ हुने मालसामान खर्च भएर जाने जिन्सी खातामा आम्दानी बाँधेको हुँदा खप्ने जिन्सी खातामा आम्दानी बाँधी सोको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>आपूर्तकको नाम</th><th>मालसामान</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>६१-०७६/६/८</td><td>कम्प्युटर सोलुसन्स</td><td>बेट्री १६० ए एच</td><td>४</td><td>१२३८४८</td></tr>
<tr><td>२३२-०७६/७/८</td><td>मुक्तिनाथ इलेक्ट्रोनिक्स</td><td>क्यानन प्रिन्टर</td><td>२</td><td>७४५७१</td></tr>
<tr><td>२३२-०७६/७/८</td><td>मुक्तिनाथ इलेक्ट्रोनिक्स</td><td>मोनिटर</td><td>१</td><td>११५२६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२०९९४५</td></tr>
</table></td><td>२०९९४५</td></tr>
<tr><td>४१.</td><td>९५-०७६/६/१४<br>जिन्सी दाखिला नभएको : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । दुर्गा भवानी स्टोरबाट प्रति थान रु.३,५००। का दरले ४ थान पंखा खरिद गरी रु.१४,०००। खर्च लेखिएकोमा जिन्सी खातामा २ थान मात्र दाखिला भएकोले बाँकी २ थान जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>७०००</td></tr>
<tr><td>४२.</td><td>१२२-०७६/६/१५<br>बढि भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । स्टार साउन्ड एन्ड टेन्ट हाउसको रु.२४,०००। को विल संलग्न भएकोमा रु.२८,१४२। खर्च लेखिएको छ । संलग्न विल भरपाई भन्दा बढि भुक्तानी भएको रु.३,७२७। कर पश्चात सम्बन्धितबाट असुल हुनुपर्ने रु.</td><td>३७२७</td></tr>
<tr><td>४३.</td><td>२५०-०७६/७२४<br>बृत्तचित्र : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । भगवती मिडिया क्रियशन प्रा.लि. लाई अर्जुनधारा नगरपालिको वृत्तचित्र निर्माण तथा प्रशारण वापत रु.७९,१००। खर्च लेखेको छ । उक्त प्रा.लि. सँग गरिएको सम्झौतामा निर्मित वृतचित्र एनटिभी प्लसबाट प्रसारण गर्नुपर्ने उल्लेख भएकोमा एनटिभि प्लसबाट प्रसारण भएको प्रसारण प्रमाणपत्र संलग्न नभएको रु.</td><td>७९१००</td></tr>
<tr><td>४४.</td><td>२४८-०७६/७/१७<br>प्रयोजन नखुलेको : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पुण्य प्रसाद खरेललाई माइक सेट, राष्ट्रिय झन्डा, झोला, ब्याग आदि विल संलग्न गरी रु.५०,०००। भुक्तानी दिएकोमा के कार्यक्रम संचालन वापत उक्त खर्च लेखिएको हो सोको प्रयोजन नखुलेको रु.</td><td>५००००</td></tr>
<tr><td>४५.</td><td>३४४-०७६/८/११<br>सम्बन्धित विक्रेतालाई सोझै भुक्तानी नगरिएको : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(१) मा कार्यालयले मालसामान खरिद गर्दा सोझै सम्बन्धित विक्रेतालाई भुक्तानी दिनुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तीकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई रु.२५ हजार रुपैंया भन्दा बढि रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । साथै अर्थ मन्त्रालयको बजेट कार्यान्वयन</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्बन्धी मार्गदर्शनमा नगद कारोवार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि अनिवार्य रुपमा सम्बन्धितको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले निम्न बमोजिमका आपूर्तकलाई सोझै भुक्तानी नगरी वडा सचिव श्री कृष्ण नेपाललाई भुक्तानी दिएको छ । नियमको पालनामा ध्यान दिनुपर्दछ । | |

| आपुर्तकको नाम | मालसामान | रकम |
|---|---|---|
| भट्टराइ एग्रोभेट सेन्टर | जै घाँस | १४३१९५ |
| ग्रिनल्यान्ड ट्रेडर्स | तरकारी विउ किट | ४५००० |
| जम्मा | | १८८१९५ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **अन्य निकायको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा विनियोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका निम्न कार्यालयको खर्च रु.८२,९४५। भुक्तानी गरेको छ । यसरी अन्य निकायको खर्च व्यहोर्दा नगरपालिकाको विकास निर्माण तथा सेवा प्रवाहमा असर पुग्ने भएकाले यस्तो नियन्त्रण गर्नुपर्ने देखिएको रु. | ८२९४५ |

| भौ.नं./मिति | अन्य निकाय | प्रयोजन | रकम |
|---|---|---|---|
| ३४९-०७६/८/१५ | शसस्त्र प्रहरी वल | इन्धन खर्च | २११० |
| १७३-०७६/६/२८ | शसस्त्र प्रहरी वल, खुदुनावारी | मौलो पुजा सहायता | १५००० |
| २०२-०७६/७/५ | प्रहरी चौकी शनिश्चरे | मौलो पुजा सहायता | २०००० |
| २३६-०७६/७/८ | शसस्त्र प्रहरी वल शनिश्चरे | मौलो पुजा सहायता | २०००० |
| २४४-०७६/७/१५ | प्र.ज. नारद थापा | मौलो पुजा सहायता | १०००० |
| ३६५-०७६/८/१९ | शसस्त्र प्रहरी वेस क्याम्प | गाडी मर्मत | १५८३५ |
| | जम्मा | | ८२९४५ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४७. | ४६९-०७६/९/२७<br>**कार्यालय सामान खरिद** : कार्यालयले कार्यालय सामान खरिदको लागि २०७६।४।२७ मा प्रकाशित शिलबन्दी दरभाउपत्रको सूचना बमोजिम पर्न आएका दरभाउपत्रदाता मध्ये न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी दरभाउपत्रदाता मातृभुमि निर्माण एन्ड सप्लायर्ससंग कार्यालय सामान खरिद गरी रु.१७,८७,५१९। खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |
| ४७.१. | **लागत अनुमान** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ३ वटा फर्मसंग दररेट माग गरी औसतका आधारमा रु.१७,६९,०००। (मू.अ.कर बाहेक) लागत अनुमान तयार गरेको छ । नियममा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी खरिद व्यवस्था मितव्ययी एवं प्रभावकारी तवरले गर्नुपर्दछ । | |
| ४७.२. | **विजकमा मालसमानको नाम, परिमाण र दर उल्लेख नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ घ मा आपूर्तीकर्ताले भुक्तानीको लागि पेश गर्ने विल विजकमा आपूर्ती गरिएको मालसामान वा सेवाको विवरण, परिमाण र मूल्य खुलाउनुपर्ने र नियम १२२(२) मा | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>विजक प्राप्त भएपछि सार्वजनिक निकायले त्यस्तो विल वा विजक खरिद सम्झौतामा उल्लेखित प्रावधान बमोजिम भए नभएको जाँच गरी सो अनुरुपको नभएमा सोको जानकारी सम्बन्धित आपूर्तीकर्तालाई दिनुपर्ने व्यवस्था छ । मूल्य अभवृद्धि कर नियमावली, २०५४ मा तोकिएको ढाँचामा विजक जारी गर्नुपर्ने व्यवस्था छ । शिलबन्दी दरभाउपत्रमा १३८ प्रकारका मालसामानको आपूर्तीका लागि मातृभुमि निर्माण एण्ड सप्लायर्सले रु.१७,८७,५१९। कबोल गरी सोही बमोजिम सम्झौता भएकोमा उक्त सप्लायर्सले विजक नं ३-०७६/९/२३ बाट १० प्रकारका पुस्तक वापत रु.९९,७००। र विजक नं ४- मिति उल्लेख नभएको बाट रु.१६,८७,८१९। को विजक जारी गरेकोमा मिति उल्लेख नभएको कर विजक नं ४ बाट मालसामानको आइटमवाइज नाम, परिमाण र दर उल्लेख नगरी एकमुष्ट रुपमा रु.१६,८७,८१९। को विजक जारी गरेको छ । भुक्तानी दिनुपुर्व रीत पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनुपर्नेमा जाँचबुझ गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>४७.३.</td><td>पूर्वनिर्धारित क्षतिपूर्ती : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपुर्तकको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ ।उक्त आपूर्तकसँग गरिएको सम्झौता अनुसार २०७६।८।२ भित्रमा मालसामान आपूर्ती गरिसक्नुपर्ने शर्त उल्लेख भएकोमा विजक नं ३-०७६।९।२३ र विजक नं ४- मिति उल्लेख नभएको विजक जारी भएकोमा जिन्सी खाता अनुसार मिति २०७६।९।२२ मा आंशिक मालसामान दाखिला भएको देखिन्छ । २०७६।८।२ देखि २०७६।९।२३ सम्म ढिला भएको ५१ दिनको सम्झौता अंक रु.१५,९३,३४६। (मू.अ.कर बाहेक) को प्रति दिन ०.०५% का दरले हुने पूर्व निर्धारित क्षतिपूर्ती रु.४०,६३०। असुल गर्नुपर्ने देखिएको रु.</td><td>४०६३०</td></tr>
<tr><td>४८.</td><td>वितरणको भरपाई नभएको : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिम आपूर्तकबाट विभिन्न लाभग्राहीहरुलाई वितरण गर्न मालसामान खरिद गरेकोमा सम्बन्धित लाभग्राहीलाई वितरण गरेको भरपाई पेश नभएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>आपूर्तीकर्ता</th><th>मालसमान</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>२६०-०७६/७/२६</td><td>ग्रिनल्यान्ड ट्रेडर्स</td><td>तरकारी विउ किट</td><td>११०० प्याकेट</td><td>११००००</td></tr>
</table></td><td>११००००</td></tr>
<tr><td>४९.</td><td>१३४-०७६/६/१६<br>खर्च मितव्ययी - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नम्बर ३२ मा नियमित विनियोजित कार्यक्रम बाहेकका सभा सम्मेलन, गोष्ठी, कार्यशाला, समारोह, जात्रा, पर्वका लागि खर्च नहुने तथा वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैर सरकारी संस्थाहरुलाई आर्थिक सहायता र अनुदान नदिने व्यवस्था छ । पालिकाले वार्षिक कार्यक्रममा समावेश नभएका कार्यक्रम संचालन विभिन्न संस्थाहरुलाई सहयोग प्रदान तथा विभिन्न समारोह, दिवस मनाउन निकासा दिएको छ । विकास निर्माणका लागि प्राप्त रकमलाई नतिजामुलक तथा प्रतिफलमुखी कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन ।<br><br>संविधान तथा राष्ट्रिय दिवस मनाउन २०७६।६।२ देखि ६।४ सम्म संचालित प्रभातफेरी, साँस्कृतिक कार्यक्रम, महिला पुरुष म्याराथनमा पुष्पा पौडेललाई पेश्की दिइ रु.३,६३,६९०। खर्च गरेको छ । टिशर्ट वितरण, स्टेज व्यवस्थापन, साउण्ड सिस्टम जस्ता अनुत्पादक कार्यहरुमा खर्च गरिएको छ । यस्तो अनुत्पादक खर्चमा नियन्त्रण गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>५०.</td><td>७२९-०७६/१२/२<br>**कार्यक्षेत्र भन्दा भिन्न लगानी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) मा स्वीकृत बजेट प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो कार्यक्षेत्र भन्दा भिन्न स्थानीय निकायमा वार्षिक कार्यक्रममा स्वीकृत समेत नभएको यशोधरा बौद्ध विहार गुम्बा, शिवसतासी १० लाई रु.१,९८,०००। उपलब्ध गराएको देखिन्छ । कार्यक्षेत्र भन्दा भिन्न लगानी तथा वार्षिक स्वीकृत कार्यक्रममा समावेश नभएको कार्य गरी खर्च गरेको रकम नियमित नदेखिएको रु.</td><td>१९८०००</td></tr>
<tr><td>५१.</td><td>**गैह सरकारी संस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सवलिकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा त्यस्तो कामको लागि लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गरी ९९(२) बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव स्वीकृत गरी नियमावलीको नियम ९९ बमोजिम मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था पुरा नभएका निम्नानुसार संस्थाबाट जनचेतना सम्बन्धी तालिम संचालन गरेको छ । सो काम गराउन सक्ने क्षमता तथा अन्य विषयहरु यकिन नगरी निम्नानुसार रु.८,९८,०००। खर्च लेखेको अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>गैर सरकारी संस्था</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>७४६-०७६/१२/३<br>१०९२-०७७/३/१७</td><td>चन्द्र सूर्य सिप विकास संस्था</td><td>इलोक्ट्रोनिक र इलेक्ट्रिकल तालिम (सम्झौता रकम रु.१० लाख भएकोमा दोस्रो किस्ता सम्म भुक्तानी भएको</td><td>५०००००</td></tr>
<tr><td>९४४-०७७/२/२६</td><td>नारी चेतना समूह</td><td>ढाका बुनाइ तालिम</td><td>१९८०००</td></tr>
<tr><td>११२२-०७७/३/१९</td><td>महिला सिलाई कटाई उपभोक्ता समिति</td><td>सिलाई कटाइ तालिम</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८९८०००</td></tr>
</table></td><td>८९८०००</td></tr>
<tr><td>५२.</td><td>**सवारी भाडा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५(६) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.७५०-०७६।१२।०३ बाट नगरप्रमुखले विभिन्न समयमा गाडी प्रयोग गरेको जनाई मिति र प्रयोजन समेत नखुलाई मे १ च ३६९७ को गाडी धनी महेन्द्र शिवाकोटीलाई रु.९५,०००। भुक्तानी गरेको छ । नगरप्रमुखलाई निजी गाडी सुविधाको रुपमा उपलब्ध गराएको अवस्थामा थप गाडी भाडा प्रयोग गरेको मिति तथा प्रयोजन समेत नखुलाई खर्च लेखेको रु.</td><td>९५०००</td></tr>
<tr><td>५३.</td><td>**नगर महोत्सव :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले बृहत अर्जुनधारा नगरमहोत्सव पूर्व तयारी कार्यक्रम संचालन गर्न लागत अनुमान समेत तयार नगरी निम्न अनुसार वडा अध्यक्ष तथा वडा सचिवहरुलाई</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पेश्की दिइ कार्यक्रम संचालन भएको जनाई रु.२२,२२,०००। खर्च लेखेको छ । विश्वव्यापी कोभिड १९ को कारण पर्यटन तथा महोत्सव कार्यक्रम नेपाल सरकारबाट बन्द भएको अवधीमा नगर महोत्सवको पूर्व तयारी जनाइ खाना, नास्ता, चिया र खेलकुद सामाग्री खरिदको विल संलग्न गरी खर्च भएको देखिएकोले खर्च सम्बन्धमा यकिन गर्न सकिएन । खरिद भएका खेलकुद सामाग्री जिन्सी आम्दानी तथा वितरण भएको समेत नदेखिएकोले खर्च यकिन गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>पदाधिकारी/कर्मचारी</th><th>वडा</th><th>रकम</th></tr>
<tr><td>१२२८-०७७/३/३१</td><td>वडा सदस्य श्री तुलसा पोखरेल</td><td>१</td><td>१०००००</td></tr>
<tr><td>७४०-०७६/१२/२</td><td>वडा सदस्य श्री तुलसा पोखरेल</td><td>१</td><td>१०००००</td></tr>
<tr><td>६५३-०७६/११/१२</td><td>वडा अध्यक्ष श्री रघुनाथ खनाल</td><td>२</td><td>२०००००</td></tr>
<tr><td>६५०-०७७/२/२७</td><td>वडा अध्यक्ष श्री जिवन कुमार भण्डारी</td><td>३</td><td>२०००००</td></tr>
<tr><td>९५४-०७७/२/२७</td><td>वडा अध्यक्ष श्री दुर्गा प्रसाद दाहाल</td><td>४</td><td>२०००००</td></tr>
<tr><td>१०६९-०७७/३/१५</td><td>वडा अध्यक्ष श्री ध्यान बहादुर भारती</td><td>५</td><td>२०००००</td></tr>
<tr><td>७५३-०७६/१२/३</td><td>वडा सचिव श्री डम्बर यादव</td><td>६</td><td>२०००००</td></tr>
<tr><td>१०८८-०७७/३/१६</td><td>वडा सचिव श्री प्रकाश पौडेल</td><td>७</td><td>२०००००</td></tr>
<tr><td>९०६-०७७/२/१४</td><td>वडा सचिव श्री सुस्मिता लुइटेल केसी</td><td>८</td><td>२०००००</td></tr>
<tr><td>९५८-०७७/२/२७</td><td>वडा अध्यक्ष श्री पुण्य कुमार प्रसाइ</td><td>९</td><td>२०००००</td></tr>
<tr><td>७८३-०७६/१२/०३</td><td>वडा अध्यक्ष श्री भोलानाथ गौतम</td><td>१०</td><td>२०००००</td></tr>
<tr><td>७८९-०७६/१२/०६</td><td>वडा सचिव श्री मुना सुनार निरौला</td><td>११</td><td>२२२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२२२२०००</td></tr>
</table></td><td>२२२२०००</td></tr>
<tr><td>५४.</td><td>विल भरपाई : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) बमोजिम बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने, ३६(३) बमोजिम बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार संस्थाहरुलाई रु.७,००,०००। खर्च लेखेकोमा खर्चका साथ विल भरपाई संलग्न छैन । अत निर्धारित कार्यमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>९८७-०७७/३/३</td><td>मदन भण्डारी स्मृती प्रतिष्ठान नेपाल</td><td>६०००००</td></tr>
<tr><td>१०१२-०७७/३/५</td><td>नर बहादुर कर्माचार्य स्मृती प्रतिष्ठान पोलिटेक्निक कलेज</td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७०००००</td></tr>
</table></td><td>७०००००</td></tr>
<tr><td>५५.</td><td>१२५१-०७७/३/३१<br>अभिलेख : कार्यालयले प्रधानमन्त्री कृषि परियोजना, इकाइ धान सुपरजोनबाट साझेदारी कार्यक्रमबाट कम्पाइल हार्भेष्ट खरिद गर्नका लागि संस्था सँग गरेको सम्झौताको बुँदा नं ५ मा उक्त रकम दुइ वर्ष पछि फिर्ता गर्ने गरी रु.५,००,०००। महिला चेतना बहुउद्देश्यिय सहकारी संस्थालाई उपलब्ध गराएकोमा अभिलेख नराखी भुक्तानी गरेको रु.</td><td>५०००००</td></tr>
<tr><td>५६.</td><td>कर्मचारी कल्याण कोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने र उक्त कोषमा स्थानी तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त कोषको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>संचालन सम्बन्धी कानुनी व्यवस्था गरेको देखिएन । कार्यालयले कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन । भौ.नं.१००८-०७७/३/५ वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१०,००,०००। ट्रान्सफर गरेको छ । यसरी कानुनको व्यवस्था नगरी कर्मचारीको योगदान विना अनुदान सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने आधार नदेखिएको रु.</td><td>१००००००</td></tr>
<tr><td>५७.</td><td>तारजाली खरिद : खरिद भएका निर्माण सामाग्री प्रयोग हुनुपर्दछ । कार्यालयले निम्न अनुसार तारजाली खरिद गरी रु.९९५३४४। भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्रमाण खर्च साथ संलग्न छैन । अत सामान प्रयोग भएको प्राविधिक विल पेश गर्नुपर्ने रु...
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>सामानको विवरण</th><th>रकम</th></tr>
<tr><td>९६१-०७७/२/२८</td><td>जिविका इन्डष्ट्रिज</td><td>३x१x१ को ५१ थान<br>२x१x१ को ३० थान<br>३x१x०.५ को २९ थान</td><td>४९८८६८</td></tr>
<tr><td>३२६-०७६/८/८</td><td>मेङलुङ्ग ट्रेड सेन्टर</td><td>३x१.५x०.७५ को ५५ थान<br>३x१x१ को ३० थान<br>२x१x१ को ९४ थान</td><td>४९६४७६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९९५३४४</td></tr>
</table></td><td>९९५३४४</td></tr>
<tr><td>५७.१.</td><td>कर - कार्यालयले भौ.नं.१२२८-०७७/३/३१ बाट जानुका कुवरलाई आन्तरिक आयको नदिजन्य सामाग्रीमा खोला कर नगदी रसिद र पूर्वाधार प्रयोग शुल्कको राजस्व संकलन गर्ने क्रममा मिति २०७६ असोज देखि २०७६ माघ मसान्त सम्म खटिने स्वंयसेवक कर्मचारीलाई नगदै रु.१,००,०००। वितरण गर्न उपलब्ध गराएकोमा आयकर ऐन, २०५८ अनुसार रु.१५,०००। कर कट्टी नगरी भुक्तानि गरेकोले कर वापतको रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१५०००</td></tr>
<tr><td>५८.</td><td>विल भरपाई : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने, नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :</td><td></td></tr>
<tr><td>५८.१.</td><td>दाखिला - कार्यालयले भौ.नं.१२४८-०७७/३/२१ बाट कक्षा ५ को उत्तरपुस्तिका परिक्षण, प्रश्नपत्र निर्माण छपाई लगायत कार्य गरेको जनाई श्री तोयानाथ रेग्मीलाई रु.४,०७,१०१। भुक्तानी गरेको रकम मध्ये शिक्षकहरुलाई उत्तरपुस्तिका परीक्षण तथा यातायात खर्च रु.५५,०१४। नबुझाएको र १५% पारिश्रमिक कर रु.९९०। कट्टी गरी भुक्तानी गरेकोमा सो समेत दाखिला भएको नदेखिएकोले वितरण नगरी खर्च लेखेको रकम समेत रु.५६,००४। सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>५६००४</td></tr>
<tr><td>५८.२.</td><td>चालु खाताबाट विपदमा खर्च : कार्यालयले निम्न अनुसार रु.६,५९,८२५। खर्च लेखेकोमा कैफियतमा उल्लेखित व्यहोराहरु खर्च साथ संलग्न नगरी खर्च जनाएको देखियो । कैफियतमा उल्लेखित प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्म/संस्थाको नाम</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>८१६-०७६/१२/२०</td><td>न्यू नवज्योति सप्लायर्स</td><td>५० ओटा फलामे वेड</td><td>२७१२००</td><td>जिन्सी दाखिला नभएको</td></tr>
<tr><td>८०४-०७६/१२/९</td><td>अनर्व विजनेश एक्सप्लोर</td><td>सेनिटाइजर माक्स</td><td>८८६२५</td><td>दुर्गा चापागाईलाई एकमुष्ट खर्च जनाएकोमा</td></tr>
</table></td><td>६५९८२५</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td>वितरणको प्रमाण नभएको</td></tr>
<tr><td>८१३-०७६/१२/१०</td><td>अस्पताल फार्मेसी तथा थेराप्युटिन समिति</td><td>कोरोना भाइरस पूर्व तयारी कार्यक्रम</td><td>३०००००</td><td>खर्चको प्रमाण नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६५९८२५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९.</td><td>ननफाइलर : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।कार्यालयले निम्न बमोजिम भौचरहरुबाट मातृभुमि सप्लायर्स (३०३६७१२३५) लाई मू.अ.कर रु.३,३५,४९८। समेत रु.२९,१६,२६०। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो।कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>मू.अ.कर</th><th>जम्मा रकम</th></tr>
<tr><td>४६९-०७६/९/२७</td><td>१९४१७३</td><td>१६८७८१९</td></tr>
<tr><td>५३६-०७६/१०/७</td><td>८८०१०</td><td>७६५०१०</td></tr>
<tr><td>५५०-०७६/१०/१०</td><td>२४८५६</td><td>२१६०५६</td></tr>
<tr><td>५७६-०७६/१०/१५</td><td>२८४५९</td><td>२४७३७५</td></tr>
<tr><td>जम्मा</td><td>३३५४९८</td><td>२९१६२६०</td></tr>
</table>
</td><td>३३५४९८</td></tr>
<tr><td></td><td>नगरपालिका पूँजीगत</td><td></td></tr>
<tr><td>६०.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाँपजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :</td><td></td></tr>
<tr><td>६०.१.</td><td>विस्तृत नापी - कार्यालयले भौ.नं.१४-०७६/५/३० मा वडास्तरिय विद्युत विस्तार उपभोक्ता समितिलाई विद्युतजन्य कार्य गरेवापत प्राविधिक विल विस्तृत तयार नभई एकमुष्ट ४० गोटा स्टिल ट्युवलर पोल जडान भएको उल्लेख गरी रु.११,००,०००। भुक्तानी गरेको देखिन्छ । कुन कुन स्थानमा विद्युत पोल जडान तथा विस्तार भएको हो उल्लेख गरी विस्तृत नापी तयार गरी भुक्तानी गर्नुपर्नेमा सो भएको नदेखिएको रु.</td><td>११०००००</td></tr>
<tr><td>६०.२.</td><td>डण्डीको भार फरक : कार्यालयले भौ.नं.४१-०७६/६/१२ बाट फागुलाल मार्ग नाला निर्माण कार्य ढल निर्माण उपभोक्ता समितिबाट कार्य गराउँदा Reinforcement bar work in drain अन्तर्गत १० mm dia v bar को भार ०.६१७ उल्लेख गरी प्राविधिक विल (4000x2.05x0.617)=५०६१ केजी प्रयोग भएको तयार गर्नुपर्नेमा ०.६२५ भार राखी ५१२५ केजी प्रयोग भएको देखिएकोले नर्म्स भन्दा बढि भार प्रयोग गरी ६४ केजी को रु.११०।५२ प्रति केजी का दरले रु.७,०७३ बढि भुक्तानी भएको छ । बढि भुक्तानी भएको रकम प्राविधिकलाई जिम्मेवार बनाइ असुल गर्नुपर्ने रु.</td><td>७०७३</td></tr>
<tr><td>६०.३.</td><td>कार्यालयले भौ.नं. २०-०७६/५/३० मा घिमिरे ढुवानी सेवालाई गिट्टी तथा वालुवा खरिद गरी रु.५३,२२५। भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्राविधिक विल पेश नभएको रु.</td><td>५३२२५</td></tr>
<tr><td>६०.४.</td><td>कार्यालयले भौ.नं.१०६-०७६/९/२१ बाट रोशन कुमार सिलवाललाई वडा नं ६ अन्तर्गत सडक बत्ती जडान कार्यको लागि लागत अनुमान समेत तयार नगरी अमानतबाट कार्य गर्न दिई रु.२,५०,०००। भुक्तानी गरेको छ । सडक बत्ती कुन कुन स्थानमा जडान भएको सोको प्राविधिक विल समेत तयार नभएको रु.</td><td>२५००००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६०.५.</td><td>कार्यालयले भौ.नं. ३९६-०७७/३/२९ बाट ह्युमपाइ खरिद तथा विद्युत विस्तार उपभोक्ता समितिलाई विभिन्न साइजमा ७६ थान ह्युमपाइप र पिएससि पोल २० थान खरिद तथा जडान गरेको एकमुष्ट स्थान समेत नखुलाई प्राविधिक विल तयार गरी जनश्रमदान वापतको रकम कट्टा गरी रु.९,८१,०००। भुक्तानी गरेको छ । ह्युम पाइप तथा पिएसि पोल प्रयोग भएको स्थान समेत देखिने गरी विस्तृत प्राविधिक विल पेश गर्नुपर्ने देखिएको रु.</td><td>९८१०००</td></tr>
<tr><td>६१.</td><td>स्विकृत कार्यक्रम वेगर खर्च : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) बमोजिम अख्तियार प्राप्त भएको रकम स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्ने, दफा ७३(७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत, सीमा र शीर्षक वाहिर गइ बजेट खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी शनिश्चरे वगर सार्ने मुआब्जा भुक्तानी गर्न रु.५ करोड बजेट व्यवस्था भएकोमा उक्त कार्यमा रु.३,५६,२५,०००। खर्च भइ बाँकी रहेको रु.१,४३,७५,०००। मध्ये पटक पटक कार्यपालिकाले रकमान्तर नगरी सोही शिर्षकबाट अन्य विभिन्न कार्यमा रु.१,०१,७२,२३३। खर्च गरेको छ । वचत रहेको रकम कार्यपालिकाले ऐनमा भएको व्यस्था बमोजिम रकमान्तर गरी कार्यक्रम स्वीकृत गराएर खर्च गर्नुपर्नेमा कार्यपालिकाले पटक पटक निर्णय गरी खर्च गरेको नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>उ.स.को नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>५६-०७६/६/३०</td><td>अर्जुनधारा न.पा. जाने बाटो उ.स.</td><td>बाटोमा पेभेज आछ्याउने</td><td>१५२७०००</td></tr>
<tr><td>६३-०७६/७/८</td><td>कालिखोला सिमसार व्यवस्थापन समिति</td><td>नाली निर्माण</td><td>५०००००</td></tr>
<tr><td>६५-०७६/७/१४</td><td>टाइटिङ नदि कुलो पैनी उपभोक्ता समिति</td><td>पैनी मर्मत</td><td>१००००००</td></tr>
<tr><td>६६-०७६/७/१५</td><td>अर्जुनधारा न.पा. जाने बाटो उपभोक्ता समिति</td><td>ब्लक लगाउने कार्य</td><td>३७०००३३</td></tr>
<tr><td>८३-०७६/८/३</td><td>पैनी मुहान मर्मत उपभोक्ता समिति</td><td>पैनी मर्मत</td><td>५०००००</td></tr>
<tr><td>८९-०७६/८/८</td><td>विद्युत पोल तथा तार विस्तार उपभोक्ता समिति</td><td>ट्रान्सफरमर खरिद तथा जडान</td><td>३०००००</td></tr>
<tr><td>१४३-०७६/१०/१५</td><td>विपद व्यवस्थापन उपभोक्ता समिति</td><td>भु मेसिनरी कट्टी रकम भुक्तानी</td><td>४०००००</td></tr>
<tr><td>१५५-०७६/१०/२९<br>३५८-०७७/३/२२</td><td>हिलेखोला हरिमाझीको घर हुँदै तटबन्ध निर्माण उ.स.</td><td>तटबन्ध निर्माण</td><td>२०००००</td></tr>
<tr><td>२०८-०७७/१/१०<br>२२४-०७७/१/२९</td><td>विरिङ खोला तटबन्धन उपभोक्ता समिति</td><td>ग्याविन तारजाली</td><td>१९८००००</td></tr>
<tr><td>३१६-०७७/३/७</td><td>वसन्त बहादुर बुढाथोकी</td><td>कन्टिजेन्सी</td><td>२००००</td></tr>
<tr><td>४३१-०७७/३/३१</td><td>सिसौली मार्ग मर्मत उ.स.</td><td>मर्मत</td><td>४५२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०१७२२३३</td></tr>
</table></td><td>१०१७२२३३</td></tr>
<tr><td>६२.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :</td><td></td></tr>
<tr><td>६२.१.</td><td>कार्यालयले भौ.नं. ४२-०७६/६/१३ बाट भानु माध्यमिक विद्यालयलाई केमिकल खरिद वापत रु.४,००,०००। उपलब्ध गराएकोमा विद्यालयले उक्त केमिकल सम्बन्धित जिन्सी खातामा आम्दानी बाँधेको दाखिला प्रतिवेदन संलग्न नगरी खर्च लेखेकोले उक्त प्रमाण पेश गर्नुपर्ने देखिएको रु.</td><td>४०००००</td></tr>
<tr><td>६२.२.</td><td>कार्यालयले भौ.नं.२०३-०७६/१२/१८ बाट नेपाल टेलिकम विर्तामोड शाखालाई शनिश्चरे खुदुनावारी सडकको खुदुनावारी बजार तथा शनिश्चरे बजारमा रहेको नेपाल टेलिकमको नेटवर्क</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सिफ्ट गर्नका लागि रु.६,५०,०००। कार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराएकोमा काम भएको पुष्ट्याइ हुन खर्चको प्रमाण खर्च साथ संलग्न भएको देखिएन । निर्धारित कार्यमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>६५००००</td></tr>
<tr><td>६३.</td><td>विजकको ढाँचा : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिमका फर्महरुलाई निम्न बमोजिमको कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रु.७००१८। सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ । रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th><th>मू.अ.कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>५५-०७६/६/१६</td><td>सुन्दर फर्निचर उद्योग</td><td>४९७७६५</td><td>५७२६५</td><td>विजक नं ११८ लाई काटी १८ बनाएको</td></tr>
<tr><td>३७६-०७७/३/२६</td><td>देवी पाथिभरा कन्स्ट्रक्सन प्रा.लि.</td><td>११०८५३</td><td>१२७५३</td><td>विजक नं उल्लेख नभएको मिति २०७७/३/४ को विल पेश भएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६०८६१८</td><td>७००१८</td><td></td></tr>
</table></td><td>७००१८</td></tr>
<tr><td>६४.</td><td>अमानतबाट कार्य : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्न एक तह माथीको अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने, नियम ९८(३) बमोजिम अमानतबाट निर्माण कार्य गर्नुपरेमा त्यस्तो काम एक लाख रुपैंयामा नबढाइ खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धि काम आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ । कार्यलयले उल्लेखित व्यवस्थाको पालना नगरी अर्जुनधारा न.पा. वडा नं ६, ७ र ८ मा भौ.नं. ६०-०७६/७/७ बाट कमलराज पौडेललाई बाटोमा मिक्स गिट्टी खरिद गरी विछ्याउने र रोलिङ गरेको ६०० ट्याक्टरको प्रति ट्याक्टर रु.१,५७८।२६ का दरले रु.९,४६,९५६। को आफै प्राविधिक विल तयरा गरी रु.८,८१,०००। भुक्तानी गरेको छ । कुन कुन स्थानमा कति मात्रामा कार्य गरेको विस्तृत नापी नुहुनु साथै प्राविधिक विल साथ पेश गरेको ट्याक्टरहरुको ढुवानी टिपमा ५५७ टिप ट्याक्टरबाट मिक्स गिट्टी ढुवानी गरी रकम बुझाएको भरपाई पेश भएकोले ढुवानी भन्दा बढि टिप ४३ ट्याक्टरको प्रति ट्याक्टर रु.१,५७८।२६ का दरले रु.६७,८६५। बढि मूल्यांकन भएको देखिन्छ । बढि मूल्यांकन देखाएको यकिन गरी कुन कुन स्थानमा गिट्टी बिछ्याइ रोलिङ गरेको विस्तृत नापी तयार गरी कानुनको पालना वेगर खर्च गरेको रकम नियमित गर्नुपर्ने रु.</td><td>८८१०००</td></tr>
<tr><td>६५.</td><td>सवारी साधन खरिदः स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले यस वर्षा निम्न अनुसार रु.६७,३६,३३०। सवारी साधन खरिद गर्दा आन्तरिक श्रोत न्यून रहेको अवस्थामा गत विगत वर्षमा नेपाल सरकारबाट प्राप्त अनुदानबाट वचत रहेको रकमबाट खर्च गरेको छ । कानुनको पालना गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६९-०७६/७/२२</td><td>सिप्रदी ट्रेडिङ प्रा.लि.</td><td>ट्रिपर खरिद</td><td>३८६५०००</td></tr>
<tr><td>९६-०७६/८/१९</td><td>श्याम बाबा इन्टरप्राइजेज प्रा.लि.</td><td>टयाक्टर</td><td>२८७१३३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६७३६३३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६.</td><td>मूल्य अभिवृद्धि कर : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा ३ मा कर छुटको वस्तु वा सेवाहरु उल्लेख भएको छ । उक्त उपदफामा टयाक्टर र सोमा लाग्ने टेलरमा मूल्य अभिवृद्धि कर लाग्ने देखिँदैन । कार्यालयले भौ.नं.९६-०७६/८/१९ मा श्याम बाबा इन्टरप्राइजेज प्रा.लि.बाट टयाक्टर खरिद गरी रु.२८,७१,३३०। भुक्तानी गरेकोमा रु.३,३०,३३०। मूल्य अभिवृद्धि कर समेत भुक्तानी भएकोले उल्लेखित व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर भुक्तानी गर्न मिल्ने देखिएन । अत मूल्य अभिवृद्धि कर वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>३३०३३०</td></tr>
<tr><td>६७.</td><td>समानिकरण अनुदानबाट शिक्षकलाई थप प्रोत्साहन भत्ता : अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्नेगरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। कार्यलयले उल्लेखित व्यवस्थाको अलावा सशर्त अनुदानबाट विद्यालयमा तलव भत्ता निकासा भई रहेका विद्यालयका सहायक कर्मचारी, वाल शिक्षकलाई थप प्रोत्साहन भत्ता भनी रु.२५,७२,५००। र लक्ष्मी माध्यमिक विद्यालयको ३ जना आन्तरिक श्रोतबाट नियुक्ति भएका शिक्षकलाई रु.५,२५,०००।समेत रु.३०,९७,५००। अनुदान भुक्तानी भएको नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४३०-०७७/३/३१</td><td>लक्ष्मी मा.वि. का ३ कर्मचारीको पारिश्रमिक</td><td>५२५०००</td></tr>
<tr><td>नगरपालिका चालु<br>६६-०७६/६/८</td><td>वाल शिक्षा शिक्षक र कर्मचारी प्रोत्साहन रकम सम्बन्धित विद्यालयलाई निकासा</td><td>५२७५००</td></tr>
<tr><td>२४३-०७६/७/१५</td><td>वाल शिक्षा शिक्षक र कर्मचारी प्रोत्साहन रकम सम्बन्धित विद्यालयलाई निकासा</td><td>४३००००</td></tr>
<tr><td>६०६-०७६/११/१</td><td>वाल शिक्षा शिक्षक र कर्मचारी प्रोत्साहन रकम सम्बन्धित विद्यालयलाई निकासा</td><td>६४००००</td></tr>
<tr><td>८३६-०७७/१/२२</td><td>वाल शिक्षा शिक्षक र कर्मचारी प्रोत्साहन रकम सम्बन्धित विद्यालयलाई निकासा</td><td>४३००००</td></tr>
<tr><td>१००७-०७७/३/५</td><td>वाल शिक्षा शिक्षक र कर्मचारी प्रोत्साहन रकम सम्बन्धित विद्यालयलाई निकासा</td><td>५४५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३०९७५००</td></tr>
</table>
</td><td>३०९७५००</td></tr>
<tr><td>६८.</td><td>जग्गा खरिद : कार्यालयले शनिश्चरे बजार सार्न मुआब्जा वापत आन्तरिक श्रोतबाट व्यहोर्ने गरी अर्जुनधारा न.पा. वडा नं.८ मा रहेको कित्ता नं.६३० बाट १० कठ्ठा र कि.नं.७६ मध्ये बाट १५ कठ्ठा समेत १ विगाहा ५ कठ्ठा जग्गा प्राप्त गर्न रु.५ करोड बजेट व्यवस्था गरी उक्त जग्गा खरिदमा रु.३,५६,२५,०००। भौ.नं.७२-०७६/७/२४ बाट खर्च गरेकोमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् :</td><td></td></tr>
<tr><td>६८.१.</td><td>जग्गा प्राप्ती ऐन, २०३४ को दफा १३ बमोजिम गठित मुआब्जा निर्धारण समितिले मिति</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>२०७६।६।१५ गतेको निर्णयले मालपोत कार्यालयको न्यूनतम मूल्यांकन प्रतिकठ्ठा रु.३,५०,०००। को पचास प्रतिशत र बजार मूल्य प्रतिकठ्ठा रु.२५,००,०००। को पचास प्रतिशत गरी प्रतिकठ्ठा रु.१४,२५,०००। का दरले मूल्य निर्धारण गरी जग्गा प्राप्ती गर्ने थप प्रकृया अघि बढाउन अर्जुनधारा नगरपालिकालाई लेखि पठाउने निर्णय गरेको आधारमा उक्त जग्गाको जग्गाधनि सुहाना ल्याण्ड डेभलपर्स प्रा.लि.लाई रकम भुक्तानी गरी जग्गा प्राप्त गरेको देखिन्छ । सरकारी मूल्य न्यून रहेको अवस्थामा सरकारी मूल्य भन्दा ७.१४ गुणा बढि बजार मूल्य भएको देखाइ प्रतिकठ्ठा रु.१४,२५,०००। मूल्य निर्धारण गरेकोमा मूल्य निर्धारणको पर्याप्त पुष्ट्याइको प्रमाण पेश भएन ।</td><td></td></tr>
<tr><td>६८.२.</td><td>जग्गा प्राप्ती ऐन, २०३४ को दफा १९ बमोजिम मूआब्जा निर्धारण गर्ने समितिले मुआब्जा निर्धारण गरेपछि सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सो कुराको सूचना नेपाल सरकार वा प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था रहेकोमा समितिले निर्धारण गरेको मूल्यको सूचना उल्लेखित व्यवस्था अनुसार दिएको देखिएन ।</td><td></td></tr>
<tr><td>६९.</td><td>दररेट : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार स्वीकृत नर्म्समा तोकिए बमोजिमको दररेट प्रयोग गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार मिक्स ग्राभेल विरिङ खोलाबाट मानिसले संकलन, लोड अनलोड तथा ट्रक ट्याक्टरबाट ढुवानी गरी ल्याएको उल्लेख गरी कार्य गरेकोमा उपभोक्ताले पेश गरेको विल भरपाई परीक्षण गर्दा उपभोक्ता मानिसद्वारा संकलन नगरी विभिन्न फर्मबाट सोझै खरिद गरी ल्याएको विल पेश भएकोले प्राविधिकबाट तयार भएको लागत अनुमान र फिल्डमा भएको कार्यको तालमेल भएको देखिएन । नर्म्सको परिमाण बमोजिम बजारको प्रचलित दरमा ढुवानी समावेश गरी दररेट निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्नेमा मानिसद्वारा संकलन गरी ढुवानी गरेको दररेट प्रयोग गरेको देखिनुका साथै उपभोक्ता समितिहरुले कार्य गरी प्राविधिक विल तयार हुँदा कुन कुन स्थानमा उक्त कार्य गरेको चेनेज वाइज नाप जाँच नगरेको, योजनामा ट्याक्टर र टिपरको संख्याको आधारमा मूल्यांकन भएको समेत देखिएकोले रु.४४,५०,०२५। खर्चको वास्तविकता यकिन गर्न सकिएन । विस्तृत नापी तयार गरी खर्च यकिन गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्तासमितिको नाम</th><th>कामको विवरण</th><th>परिमाण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४३-०७७/३/३१</td><td>हिलेखोलाबाट धाइजन जोड्ने सडक निर्माण उ.स.</td><td>सववेस लगाइ ग्रेडिङ रोलिङ गर्ने</td><td>२१०० घमि</td><td>१९८००००</td></tr>
<tr><td>४५-०७६/६/१४</td><td>बाटो मर्मत उपभोक्ता समिति</td><td>मिक्स ग्रभेल खरिद तथा सडकमा विच्छयाउने</td><td>१२३ ट्याक्टर</td><td>१४५५२५</td></tr>
<tr><td>६८-०७६/७/१७</td><td>वडाभरीमा भएका खाल्डा खुल्डी पुर्ने कार्य उ.स.लाई भुक्तानी</td><td>मिक्स ग्रभेल खरिद तथा सडकमा विच्छयाउने</td><td>२४४ ट्याक्टर</td><td>३७१२५०</td></tr>
<tr><td>२६४-०७७/२/२१</td><td>मर्मत सम्भार उपभोक्ता समिति</td><td>मिक्स गिट्टी</td><td>७९८.७५ घमि</td><td>५२०२५०</td></tr>
<tr><td>१०९-०७६/९/२१</td><td>बाटो मर्मत ग्रभेल तथा विस्तार उपभोक्ता समिति</td><td></td><td>१५२ ट्याक्टर</td><td>२०००००</td></tr>
<tr><td>१३७-०७६/१०/१२</td><td>दुर्गा निरौलाघर सम्म बाटो निर्माण उ.स.</td><td></td><td>२११ ट्याक्टर</td><td>५०००००</td></tr>
<tr><td>२३८-०७७/२/८</td><td>बाटो स्तरोन्नती उपभोक्ता समिति</td><td></td><td>६९७.५ घमि</td><td>४३६०००</td></tr>
<tr><td>३७७-०७७/३/२६</td><td>मधुमाता फुलवारी जाने सडक निर्माण उ.स.</td><td></td><td>५५४.४ घमि</td><td>२९७०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>४४५००२५</td></tr>
</table></td><td>४४५००२५</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७०.</td><td>

**उपभोक्ता समितिबाट सिमा भन्दा बढिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने र उल्लिखित एक करोड रुपैंयसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट गराएको निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सी वापतको रकम समावेश नगरी औसतमा १० प्रतिशत जनसहभागिताको अंश मात्र समावेश गरी लागत अनुमान तयार गरेर उपभोक्ता समितिबाट निर्माण कार्य गरेको देखियो। सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार रु.१ करोड भन्दा बढि लागत अनुमान भएको निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुनेगरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । कार्यलयले उपभोक्ता समितिबाट गराएको निम्नानुसारका निर्माण कार्यको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सीको रकम समावेश गर्दा एक करोड रुपैंयाभन्दा बढी हुने भएकाले एक करोड रुपैंया भन्दा बढीको निर्माण उपभोक्ता समितिबाट गराएको कार्य अनियमित देखिएको रु..

<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>स्वीकृत लागत अनुमान</th><th>ओभरहेड मूल्यअभिवृद्धि समेतको लागत अनुमान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४०४-०७७/३/२९</td><td>२ नं वडा कार्यालय भवन निर्माण</td><td>भवन निर्माण</td><td>९९०५५४४</td><td>१२८७२२५५</td><td>१९२८५२०</td></tr>
<tr><td>९३१-०७७/२/२३ चालु</td><td>नदि नियन्त्रण तथा बाटो निर्माण उ.स.</td><td>ग्याविन कार्य</td><td>८८०३०१०</td><td>११४३९५१२</td><td>३९६००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>५८८८५२०</td></tr>
</table>
</td><td>५८८८५२०</td></tr>
<tr><td>७१.</td><td>

**नर्म्सभन्दा बढि ढुंगाको प्रयोग :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.६५-०७६/७/१४ बाट टाइटिङ्ग नदि कुलो पैनी उपभोक्ता समितिबाट ग्याविन तार ३x१.५x०.७५ मि साइजको ५४ थान र ३x१.५x०.४५ मि साइजको ४२ थान खरिद तथा ढुंगा भर्न उपलब्ध गराएकोमा नर्म्स अनुसार उक्त दुई साइजको जालीमा २६७.३ घमि ढुंगा प्रयोग हुनुपर्नेमा प्राविधिक विलमा ३२४ घनमिट प्रयोग भएको देखिएकोले नर्म्स भन्दा ५९.७ घमि बढि प्रयोग देखाइ प्रति घनमिटर रु.१,९६५.०८ का दरले रु.१,१७,४२०। उपभोक्ता समितिलाई बढि भुक्तानी भएको छ । बढि भुक्तानी भएको रकम प्राविधिकलाई जिम्मेवार बनाइ असुल गर्नुपर्ने रु.

</td><td>११७४२०</td></tr>
<tr><td>७२.</td><td>

**अनुपातिक कट्टी :** नगरसभाले निर्माण कार्यमा १० प्रतिशत जनश्रमदान जुटाउनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित नगरसभाको निर्णयलाई पालना नगरी निम्न अनुसार उपभोक्ता समितिहरुलाई पुरै रकम भुक्तानी गर्ने गरी सम्झौता गरेवापत उपभोक्ता समितिलाई निम्न अनुसार रु.६,९०,५८२। बढि भुक्तानी भएको छ । जनश्रमदान समावेश नगरी सम्झौता गर्नेलाई जिम्मेवार बनाइ उक्त रकम असुल गर्नुपर्ने रु.

<table>
<tr><th>भौ.नं./मिति</th><th>उ.स.को नाम</th><th>कामको विवरण</th><th>खुद काम भुक्तानी रकम</th><th>भुक्तानी रकम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>४४-०७६/६/१४ १७१-०७६/११/०८</td><td>कृष्णा अर्जुन तथा विभिन्न शालिक निर्माण उ.स.</td><td>शालिक निर्माण तथा जडान</td><td>२९५६८१६</td><td>२९१५८००</td><td>२६६११३४</td><td>२५४६६५</td></tr>
</table>
</td><td>६९०५८२</td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६५-०७६/७/१४ | टाङटिङ नदि कुलो पैनी उपभोक्ता समिति | ग्याविनको काम | १०४००२३ | १०००००० | ९३६०२० | ६३९७९ |
| ८३-०७६/८/३ | पैनी मुहान मर्मत उपभोक्ता समिति | पैनी मर्मत | ५००४४० | ५००००० | ४५०३९६ | ४९६०४ |
| १३-०७७/३/३० | मदन आश्रीत मार्ग कालोपत्रे निर्माण उ स | कालोपत्रे कार्य | १६०३०८० | १६०३०८० | १४४२७७२ | १६०३०८ |
| ३६-०७७/३/३० | पिपल चोकबाट खुलमती खोला सम्म नाला निर्माण उ.स. | नाला निर्माण | १६२०२६६ | १६२०२६६ | १४५८२३९ | १६२०२६ |
| | जम्मा | | | | | ६९०५८२ |

**संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजिगत)**

७३. **सर्जिकल सामान खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नुहुँदैन, दफा ५(१) अनुसार रु.१ लाख रुपैंया भन्दा बढिको जुनसुकै खरिदमा लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी कोटेशन माग गरी निम्न अनुसार फर्मबाट रु.६,९९,६०४। बराबरको उपकरण खरिद गरी भुक्तानी गरेको देखिन्छ । कानुनको पालना नगरी खर्च गरेको रकम अनियमित देखिएको रु. — ६९९६०४

| भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ४८-०७७/३/३१ | कृतिका सर्जिकियर प्रा.लि. | सर्जिकल सामान | ४९९६७४ |
| | कृति फर्मा | सर्जिकल सामान | १९९९३० |
| | जम्मा | | ६९९६०४ |

७४. **विपन्न वर्गको लागि सामुदायिक आवास :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विपन्न वर्गको लागि सामुहिक आवास कार्यक्रम अन्तर्गत रु.७७,०६,१३६।४३ को लागत अनुमान तयार गरी कार्यालयबाट रु.७०,००,०००। र उपभोक्ता समितिबाट रु.७,०६,१३६।४३ व्यहोर्ने गरी तराई मधेश समृद्धि आवास योजनालाई कार्य गर्न उपलब्ध गराई जनश्रमदान कट्टा गरी निम्न अनुसार रु.६९,५०,०००। खर्च गरेको छ । उपभोक्ता समितिबाट निर्माण भएका ३ वटा ब्लक घरहरु नगरपालिकाले विपन्न वर्गको लागि सामुहिक आवासको लागि तयार गरेकोमा विपन्न वर्ग छनौट तथा पहिचान गरी आवास उपलब्ध नगराई प्रयोग विहिन अवस्थामा रहेकोले जुन प्रयोजनको लागि भवन निर्माण गरी खर्च भएको छ सोही कार्यमा भवन प्रयोग गर्न समयमै भवन हस्तान्तरण गरी खर्च प्रभावकारी बनाउनु पर्दछ ।

| भौ.नं./मिति | उ.स.को नाम | विवरण | खुद काम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १९-०७७/२/६ | तराइ मधेश समृद्धि आवास योजना | प्रथम रनिङ विल | २३१०७८४ | २०००००० |
| २३-०७७/३/३ | तराइ मधेश समृद्धि आवास योजना | दोस्रो रनिङ विल | ३२४३१५८ | २९७०००० |
| ३७-०७७/३/३० | तराइ मधेश समृद्धि आवास योजना | अन्तिम विल | २३८७७५५ | १९८०००० |
| | जम्मा | | | ६९५०००० |

**संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु**

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७५. | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)** : कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७६।७७) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । | |
| ७६. | १११-०७७/३/११<br>**भरपाई नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरापाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । फोर्थ ए एनसि र प्रसुती यातायात खर्च वापत वितरण गरेको भरपाई संलग्न नभएको रु. | १२००० |
| ७७. | १६४-०७७/३/३१<br>**विजकको ढाँचा** : फेस टु फेस इन्टरप्राइजेजलाई मिति २०७७।३।३० को विजक नम्बर उल्लेख नभएको विजकबाट मू.अ.कर रु.५७,२९२। समेत रु.४,९७,९९९। भुक्तानी भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट जारी कर समायोजन पेश गर्नुपर्ने रु. | ५७२९२ |
| | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालु** | |
| ७८. | **एकीकृत सूचना तथा सेवा प्रणाली** : कार्यालयले एकीकृत सूचना तथा सेवा प्रणाली व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी नेशनल इन्कुवेशन एन्ड रिसर्च सेन्टर प्रा.लि.सँग २०७७/३/७ मा सम्झौता गरी रु.१४,९२,५०४। भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |
| ७८.१. | **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतीको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिई अनसूची (१क) को ढाँचामा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मू.अ.कर समेत रु.१४,९९,८८२। को लागत अनुमान स्वीकृत गरेको छ । कार्यालयले नियमानुसार लागत अनुमान तयार गरेको पाइएन । नियमावलीमा उल्लेख भए अनुसार लागत अनुमान तयार नगरी खरिद गर्दा खरिद कार्य प्रतिस्पर्धी तथा मितव्ययी नहुने भएकाले नियमावली अनुसार लागत अनुमान तयार गरेर मात्र खरिद कार्य अगाडि बढाउनुपर्छ । | |

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **जनशक्ति** \| **एकाइ** \| **समय** \| **प्रति दिन दर** \| **जम्मा**<br>प्रोजेक्ट म्यानेजर \| १ \| ६० दिन \| ४४७२ \| २६८३२०<br>सिष्टम आर्किटेक्चर \| १ \| ६० दिन \| ४४७२ \| २६८३२०<br>ब्याकेन्ड डेभलपर \| १ \| ६० दिन \| ४४७२ \| २६८३२०<br>फ्रन्टेन्ड डेभलपर \| १ \| ६० दिन \| ४४७२ \| २६८३२०<br>सिष्टम एडमिनिष्ट्रेटर \| १ \| ६० दिन \| १५४० \| ९२४००<br>क्वालिटी एनालिष्ट \| १ \| ६० दिन \| १५४० \| ९२७००<br>प्रणाली जडान एवं ब्याक अप म्यानेजमेन्ट \| \| \| \| ६९२५०<br>जम्मा \| \| \| \| १३२७६३० | |
| ७८.२. | उक्त परामर्शदाताले पेश गरेको आर्थिक प्रस्तावमा कार्य सम्पादन गर्नका लागि निम्न बमोजिम जनशक्तिलाई ४५ दिनदेखि ६० दिन सम्म समय लाग्ने उल्लेख गरी बेव तथा मोबाइल एप्लीकेशन निर्माणका लागी रु.१२,७०,०००। तथा प्रणाली जडान एवं ब्याकअफ मेनेजमेन्टका लागि रु.५०,८००। गरी मू.अ.कर समेत रु.१४,९२,५००। आर्थिक प्रस्ताव उल्लेख गरेकोमा उक्त परापर्शदातासँग २०७७।३।७ मा सम्झौता भएको छ । सम्झौता मितिले भुक्तानी मिति २०७७।३।२६ सम्म जम्मा १९ दिनमा कार्य सम्पन्न गरी जनाएको छ । प्रस्तावमा ६० दिन लाग्ने उल्लेख भएकोमा १९ दिनमा कार्य सम्पन्न गरेकोमा बढि जनशक्ति प्रयोग गरेको प्रमाण संलग्न नगरेको हुँदा उक्त कार्यको यथार्थ खर्च सम्बन्धमा यकिन गर्न नसकिएको रु.<br><br>जनशक्ति \| एकाइ \| समय \| प्रति दिन दर \| जम्मा<br>प्रोजेक्ट म्यानेजर \| १ \| ६० दिन \| ४००० \| २४००००<br>सिष्टम आर्किटेक्चर \| १ \| ६० दिन \| ४००० \| २४००००<br>ब्याकेन्ड डेभलपर \| २ \| ५५ दिन \| ४००० \| ४४००००<br>फ्रन्टेन्ड डेभलपर \| १ \| ५५ दिन \| ३५०० \| १९२५००<br>सिष्टम एडमिनिष्ट्रेटर \| १ \| ४५ दिन \| १५०० \| ६७५००<br>क्वालिटी एनालिष्ट \| १ \| ६० दिन \| १५०० \| ९००००<br>जम्मा \| \| \| \| १२७०००० | १४९२५०४ |
| ७८.३. | **बिजकको ढाँचा :** विजकको ढाँचाः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अथवा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । उक्त प्रा.लि. को मिति उल्लेख नभएको विजक नं ०२१ बाट मू.अ.कर रु.१,७१,७०४। समेत रु.१४,९२,५०४। भुक्तानी भएको हुँदा सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट कर समायोजन पत्र पेश गर्नुपर्ने रु. | १७१७०४ |
| | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| ७९. | सामाजिक सुरक्षा तर्फ यस वर्ष रु.१९,५०,३७,९५०। खर्च भएको छ । सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् : | |
| ७९.१. | **पारदर्शिता कायम नगरेकोः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ । | |
| ७९.२. | **लगत कट्टाको अभिलेख प्राप्त नभएको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा मुल अभिलेख खाता र आ.व. २०७६।७७ मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्रष्ट नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन । यसमा सुधार गर्नुपर्दछ । | |
| ७९.३. | **अनुगमन तथा मूल्याङ्कनः-** सामाजिक सुरक्षा सञ्चालन कार्यविधी,२०७५ को दफा २८ (१) मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिती रहने व्यवस्था छ ।पालिकाले यस्तो समिती गठन नै गरेको पाईएन । पालिकाले सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता प्रवर्द्धनका लागि कार्यविधी पुर्ण पालना गर्ने तर्फ ध्यान दिनुपर्देछ । | |
| ७९.४. | **सार्वजनिक सुनुवाईः-** सामाजिक सुरक्षा सञ्चालन कार्यविधी,२०७५ को दफा ३५ मा स्थानीय तहका वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रमका सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षाका विषयमा सार्वनिक सुनुवाई गरेको पाईएन । नियमानुसार सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| | **आन्तरिक आय तर्फ** | |
| ८०. | आन्तरिक आयतर्फ निम्न बमोजिम तत्कालिन गा.वि.स. सचिवहरुसँग नगद मौज्दात रहेको देखिएकोले सम्बन्धितबाट नियमानुसार जरीवाना लिइ असुल गर्नुपर्ने देखिएको रु. | ४९२३८ |

| पद | नाम | रकम |
| --- | --- | --- |
| तत्कालिन गा.वि.स. सचिव | श्री लक्ष्मी तिम्सिना | २१०२६ |
| तत्कालिन गा.वि.स. सचिव | श्री केशव निरौला | २१३०९ |
| तत्कालिन गा.वि.स. सचिव | श्री कृष्ण बहादुर श्रेष्ठ | ६९०३ |
| | जम्मा | ४९२३८ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
